तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ७/०७९/०८० (१३७) मिति २०७९/१०/२७ गते ।

प्रस्तावहरुः

१. नदीजन्य पदार्थको परिमाण स्वीकृती सम्बन्धमा ।
२. तराई मधेश समृद्धि कार्यक्रम (आ.व.०८०/०८१) का योजना छनौट सम्बन्धमा ।
३. विपद् व्यवस्थापन कोषबाट बजेट विनियोजन सम्बन्धमा ।
४. नेपाल रेडक्रस सोसाइटीसँग संझौता सम्बन्धमा ।
५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ मा आवश्यक छलफल सम्बन्धमा ।
६. विविध ।
   क) बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम संचालन सम्बन्धमा ।
   ख) हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियानको १०० औ श्रृखला सम्बन्धमा ।
   ग) वडाबाट प्राप्त योजना संशोधन सम्बन्धमा ।
   घ) कर्मचारीको छुट ग्रेड सम्बन्धमा ।
   ङ) पूर्व कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं.-१

आ.व.०७९/०८० का लागि देहायका नदीघाटबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यका लागि तिलोत्तमा नगरपालिकाको संक्षित वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ बमोजिमको प्राविधिक समितिको सिफारिसमा दफा ७ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (परिमाणमा शुन्यान्तर गरी) स्वीकृत गरी आय ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

| क्र.स. | घाट को नाम | मौजुदा परिमाण घ.फि. | उत्खनन् गर्न नमिल्ने प्रतिशत | उत्खनन् गर्ने परिमाण (१०० मा सुन्यान्तर गर्दा) घ.फि. | उत्खनन् गर्ने परिमाण (१००० मा सुन्यान्तर गर्दा) घ.फि. |
|---|---|---|---|---|---|
| १ | तिनाउ नदीको - डिंगरनगर घाटक्षेत्र, वडा नं. ३ र ४ | ११६९२७७.४९ | ५३.७८% | ५४०४४०.०६ | ५४१०००.०० |
| २ | तिनाउ नदीको - गोरकट्टा घाटक्षेत्र, वडा | १३६६९५१.७ | ०.००% | १३६६९५१.७० | १३६७०००.०० |



...अर्याल

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | नं. ६ | | | | |
| ३ | तिनाउ नदीको - हरपुर घाटक्षेत्र, वडा नं. ६ | १६८४१८२.५४ | ०.००% | १६८४१८२.५४ | १६८५०००.०० |
| ४ | तिनाउ नदीको - पहुनी घाटक्षेत्र, वडा नं. ६ | १६२५६३७.३३ | ८८.३२% | १८९८७४.४४ | १९००००.०० |
| ५ | तिनाउ नदीको - सेमरी घाटक्षेत्र, वडा नं. १३ | ८००३३७.३ | ०.००% | ८००३३७.३० | ८०१०००.०० |
| ६ | तिनाउ नदीको - सुस्पुरा घाटक्षेत्र, वडा नं. १४ | ४०३५७२.९९ | ०.००% | ४०३५७२.९९ | ४०४०००.०० |
| ७ | तिनाउ नदीको - बाग्धुरा, वडा नं. १४ | ९९२५४८.२२ | १८.३२% | ८१०७१३.३९ | ८११०००.०० |
| ८ | तिनाउ नदीको - चम्कीपुर घाटक्षेत्र, वडा नं. १४ | २९३५६४.४ | ०.००% | २९३५६४.४० | २९४०००.०० |
| ९ | तिनाउ नदीको - कौवा घाटक्षेत्र, वडा नं. १४ | २९५७७२.७८ | ०.००% | २९५७७२.७८ | २९६०००.०० |
| १० | सुखौरा नदीको - गणेशनगर पुल देखि पूर्व वडा नं. ११ | ४९४६९१.३८ | ०.००% | ४९४६९१.३८ | ४९५०००.०० |

निर्णय नं.-२

तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई, सिंहदरबार, काठमाडौंको मिति २०७९/१०/११ गतेको सूचना तथा तराई मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७९ बमोजिम आ.व.२०८०/०८१ का लागि तिलोत्तमा नगरपालिकाका देहायका योजनाहरु निर्देशिकाको दफा ८ (२) र (३) बमोजिमको विवरण अनुसारका योजनाहरुमा दफा ५ बमोजिमको ३० प्रतिशत लागत साझेदारी नगरपालिकाले व्यहोर्ने गरी तराई मधेश समृद्धि कार्यक्रम केन्द्रीय कार्यालयमा पठाउने निर्णय गरियो ।

| तराई मधेस समृद्धि आयोजनाहरु | | | |
|---|---|---|---|
| सि.नं | आयोजना | वडा नं. | कैफियत |
| १ | वडा कार्यालय भवन निर्माण क्रमागत | ६ | |
| २ | वडा कार्यालय भवन निर्माण क्रमागत | १४ | |
| ३ | शिवपुर-जमुहानी-हरैया सेमराडाँडा कृषि सडक निर्माण | ७,८ र ११ | |
| ४ | प्रशुतीगृह भवन निर्माण सेमरा | १० | |
| ५ | सरस्वती आधारभूत विद्यालय भवन निर्माण | १४ | |



नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाँण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं.-३**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मा. मन्त्री स्तरीय (२०७८/१२/१३) निर्णयानुसार **"मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८"** परिच्छेद-२ को दफा ४ बमोजिमको कोषमा यस नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट **कार्यपालिका बैठक संख्या ३/०७९/०८० (१३३) मिति २०७९/०७/०६ गतेको निर्णयानुसार** रु.१० लाख रकम रकमान्तर गरी कोष खडा गरिएकोमा उक्त कोषमा रहेको रकम अपुग भएकोले विपद् व्यवस्थापन कोषबाट अपुग रकम रु.१२ लाख ५ हजार गरी कूल रकम रु.२२ लाख ५ हजार रकमान्तर गरी सम्बन्धित लाभग्राहीलाई भुक्तानी दिने र अनुसूची ४ बमोजिम अभिलेख राखी अनुसूची ३ बमोजिम भुक्तानी भएको रकम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.-४**

तिलोत्तमा नगरपालिकाको रक्तदान व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम तिलोत्तमा नगरबासीलाई निशुल्क रगत उपलब्ध गराउने सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुपन्देही अन्तर्गतको रक्तसंचार सेवा केन्द्र बुटवल/भैरहवा बीच उक्त केन्द्रलाई रु.२५०,०००/- उपलब्ध गराउने गरी संझौता गर्ने साथै, उक्त अवधिभर उपलब्ध गराएको व्लडको विल अनुसारको रकम उक्त सम्झौता बमोजिमको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-५**

तिलोत्तमा नगरपालिकाको सन्तुलित विकासका लागि यस नगरपालिकासँग सिमाना जोडिएका तथा नगरपालिकाको नजिकमा रहेका स्थानीय तहहरुसँग साझा सरोकारका विषयहरु पहिचान गरी आवश्यकता अनुसार सह-लगानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६ विविध (क)**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बैदेशिक रोजगार बोर्डको प.सं.२०७९/०८०, च.नं. ३६४, मिति २०७९/०८/१८ गतेको पत्रानुसार तिलोत्तमा नगरपालिकाबाट बैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुका लागि पुन एकीकरण कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव पेश गर्नुपर्ने भएकाले बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन एकिकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन निर्देशिका), २०७९ को दफा १९ बमोजिमको कार्यक्रम कार्यान्वयन समितिद्धारा छनौट भई निर्देशिकाको अनुसूची-१ बमोजिमको ढाँचामा

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

पेश भएको प्रस्ताव स्वीकृत गरी पठाउने र उक्त कार्यको लागि नगरपालिकाले बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन एकिकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन निर्देशिका), २०७९ को दफा ८ बमोजिम रु.१० लाख (प्रस्तावित रकम ४० लाखको २५ प्रतिशत) लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६ विविध (ख)**

मिति २०७४/०४/०९ देखि २०७४/०४/१५ गते सम्म सप्ताहव्यापी रुपमा हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियान भई मिति २०७४/०६/२२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार प्रत्येक महिनाको १र १५ गते पाक्षिक रुपमा "ग्रिन तिलोत्तमा, क्लिन तिलोत्तमा" भन्ने नाराकासाथ सुभारम्भ भएको नगर सरसफाई अभियानमा विभिन्न रचनात्मक कार्यक्रम संचालन गर्दै आइरहेको छ । "जुटौं सारा गाँउ र शहर, शून्य पोलिथिन तिलोत्तमा नगर" लगायतका विविध कार्यक्रमको आयोजना गरी वातावरणीय क्षेत्र र मानव स्वास्थ्यमा पारेको सकारात्मक प्रभावको अनुभूति भईरहेको छ । राष्ट्रयस्तरमै नमूना नगरको रुपमा पहिचान बनाउन सफल यस नगरपालिकाले उक्त अभियानको १०० औ श्रृखला पुगेको अवसरमा आगामी २०७१२/०१ गते यस नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको प्राङ्गणमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, नगर विकास समिति, नगर शिक्षा समिति, क्याम्पस प्रमुखहरु, तिलोत्तमा उद्योग बाणिज्यसंघ, तिलोत्तमा चेम्बर अफ कमर्स, तिलोत्तमा उद्योग व्यापार संगठन, सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरु, खानेपानी, वन, सिचाई, बैक तथा वित्तिय संस्थाका प्रमुखहरु, टोल विकास संस्था तथा क्लवका अध्यक्षहरु, आमा समूह लगायत सम्पूर्ण नगरबासीको उपस्थितिमा तिलोत्तमा सरसफाईको १०० औ श्रृखला कार्यक्रम आयोजना गर्ने साथै, उक्त कार्यक्रमको अनुगमन तथा सहजीकरण र कार्यान्वयन तथा व्यवस्थापनको लागि देहायका समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**क) अनुगमन तथा सहजीकरण समिति**

- नगर प्रमुख, तिलोत्तमा नगरपालिका- संयोजक
- नगर उप-प्रमुख, तिलोत्तमा नगरपालिका- सदस्य
- प्रमुख प्रशासकीय अधिकृत, तिलोत्तमा नगरपालिका- सदस्य सचिव

**ख) कार्यान्वयन तथा व्यवस्थापन समिति**

- संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समिति, ति.न.पा.- संयोजक
- संयोजक, नगरस्तरीय टोल विकास संस्था संजाल, ति.न.पा. सदस्य
- अध्यक्ष, नेपाल शिक्षक महासंघ, तिलोत्तमा- सदस्य



नारायण अर्याल

रामकृष्ण खाण नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- खानेपानी उपभोक्ता तथा सरसफाई महासंघ समिति ति.न.पा.- सदस्य
- शाखा प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन शाखा, ति.न.पा.- सदस्य
- नगर प्रहरी ईन्चार्ज, ति.न.पा. - सदस्य
- हरियाली प्रवर्द्धन अधिकृत, ति.न.पा.- सदस्य सचिव

निर्णय नं.-६ विविध (ग)

तिलोत्तमा नगरपालिकाको चालु आ.व. ०७९/०८० को नगर विकास योजना देहाय बमोजिमका योजनाहरु वडा कार्यालयबाट प्राप्त पत्रहरुको आधारमा संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वडा नं. | नगर विकास योजनामा भएको नाम | योजनाको संशोधित नाम | वडा समितिको निर्णय मिति |
|---|---|---|---|---|
| १. | ५ | विकास पथ ग्राभेल (३०१०-९४) | विकास पथ वाल निर्माण | २०७९/०९/१२ र २०७९/१०/१९ गते |
| | | राम पथ ग्राभेल (३०१०-१०९) | रामपथमा कल्भट निर्माण | |
| | | महालक्ष्मी पथ ग्राभेल (३०१०-९७) | महालक्ष्मी पथ कालोपत्रे मर्मत | |
| | | वेगनवेली पथ ग्राभेल (३०१०-८९) | वेगनवेली पथ वाल निर्माण | |
| | | भुपराज पथमा ग्राभेल (३०१०-१०१) | भुपराज पथमा वाल निर्माण | |
| २ | ६ | २०१०-८ सत्यलक्ष्मी आधारभूत विद्यालयका लागि ई-रिक्सा खरिदमा रु.४ लाख विनियोजन बजेट मध्येबाट | उमा आधारभूत विद्यालयका लागि ई-रिक्सा खरिदमा रु.७५ हजार | २०७९/०८/०६ गते |
| | | | सत्यलक्ष्मी आधारभूत विद्यालयका लागि प्रशासनिक कक्ष व्यवस्थापन, फर्निचर खरिद एवम् बालवालिकाका लागि चिप्लेटी पिङ्ग एवम् बाल उद्यान निर्माणमा रु.३ लाख २५हजार | |
| | | ३०१०-१३४ सुगमपथ कालोपत्रे मर्मत | सुगमपथ नाली निर्माण | २०७९/०९/१२ गते |
| ३ | ७ | (३०१०-१५४) मा ४ लाख बजेट मध्येबाट | रामनगरा गाँउमा नाली निर्माणमा २ लाख | २०७९/१०/२४ गते |
| | | | नमूना टोलमा नाली निर्माणमा २ लाख | |



नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | ३०१०-२८८ दुर्गानगर सुपौली जोड्ने सडक पिच मर्मत | दुर्गा मा.वि.को खेल मैदान र माछा पोखरी संरक्षणका लागि तटबन्ध | |
| | | ३०१०-२९१ रेहरा सुगहिया जोड्ने सडकमा कलभर्ट निर्माण | भिम बहादुर मल्लको घर देखि तिनधुरा स्कुल जाने सडक नाली निर्माण | |
| ४ | १४ | ३०२०-६७ सिमलडाँडा चोक देखि राजु रानाको घरतर्फ जाने भै.ल.भु.ज.को नहर मर्मत | दुर्गा नगर बनकट्टी चोकदेखि भुल्केपानी जाने सडक ग्राभेल तथा विस्तार | २०७९/०९/२२ |
| | | ३०२०-७२ट्युवेल नं.१८ झ्यालढोका निर्माण तथा मर्मत | | |
| | | ३०२०-७४ दुर्गानगर चौपारीमा स्टीलकुर्ची बेन्च निर्माण जडान | दुर्गानगर भै.लु.भु.ज. ट्युवेलमा माटो फिलिङ्ग तथा गार्डेन निर्माण | |
| ५ | १ | ३०१०-१९ राना पथ सडक स्तरोन्नती | शिवशंकर पथ स्तरोन्नती | २०७९/१०/०९ |

**निर्णय नं.-६ विविध (घ)**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघीय सेवाबाट यस तिलोत्तमा नगरपालिकामा २०७६ बैशाखमा समायोजन भई आउनु भएका कर्मचारी उपसचिव गंगाराम आचार्यले खाईपाइ आएको ग्रेड संख्या छुट भएकोले छुट ग्रेड रकम उपलब्ध गराइदिनुहुन भनि प्रदेश तथा अन्य पालिकाहरुमा निज सरहका कर्मचारीहरुले निजले दावी गरेको ग्रेड रकम खाईपाई आएको प्रमाण सहित मिति २०७९/०९/१८ गते निवेदन पेश गरेको हुदाँ २०७६ श्रावण देखि २०७९ पौष महिना सम्मको छुट ग्रेड रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-६ विविध (ङ)**

यस पूर्व मिति २०७९/०९/२३ गतेको कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत